# जातीय समानताको प्रवर्द्धनमा
# विद्यमान तथा योजना गरिएका उपायहरू

## कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल

कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल (तल "CIC" भनिएको) को मुख्य कार्यहरू भनेको दीर्घकालीन रणनीतिक विषयहरूमा आम सहमति बनाउनु, इन्डस्ट्रीका आवश्यकता तथा आकांक्षाहरूका बारेमा सरकारलाई अवगत गराउनुका साथसाथै कन्स्ट्रक्सन (निर्माण) सम्बन्धी सबै मामिलाहरूमा सुझाव माग गर्न सरकारका लागि सञ्चार च्यानल उपलब्ध गराउनु रहेका छन् । सम्पूर्ण इन्डस्ट्रीभरि सुधारहरूलाई प्रसारित गर्नका निम्ति CIC लाई आचारसंहिता तयार गर्न, दर्ता तथा रेटिङ स्किमहरूको व्यवस्था मिलाउन, अनुसन्धान तथा जनशक्ति विकासको कार्यलाई अगाडि बढाउन, कन्स्ट्रक्सनका मापदण्डहरूलाई अपनाउनमा सहजीकरण गर्न, असल अभ्यासहरूलाई प्रवर्द्धन गर्न र प्रदर्शनका सूचकहरूलाई एकत्रीत गर्न अधिकार प्रदान गरिएको छ ।

CIC ले वार्षिक रूपमा विविध जातिका कामदारहरू लगायत करिब 80 000 कन्स्ट्रक्सन कर्मीहरूलाई पूर्णकालीन कार्यक्रम, अल्पकालीन कार्यक्रम तथा सहयोगपूर्ण प्रशिक्षण स्किमहरूमार्फत प्रशिक्षित गराउँछ । यसका अतिरिक्त, CIC ले कन्स्ट्रक्सन कर्मीहरूलाई ट्रेड टेस्टहरू (सिभिल तथा बिल्डिङ कन्स्ट्रक्सन ट्रेड टेस्टहरू, कन्स्ट्रक्सनसम्बन्धी इलेक्ट्रिकल तथा मेकानिक्स ट्रेड टेस्टहरू र मेशिनहरू तथा क्रेन सञ्चालनका लागि प्रमाणपत्रका परीक्षाहरूसहित) पनि उपलब्ध गराउँछ ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • CIC समान अवसर उपलब्ध गराउने गरेको काम गर्ने तथा बस्ने वातावरण निर्माण गर्नमा प्रतिबद्ध छ र यसका सबै कर्मचारी, प्रशिक्षार्थी, आगन्तुक तथा सर्वसाधारणहरूका लागि कुनै पनि प्रकार भेदभाव, दुर्व्यवहार तथा अपमानबाट मुक्त छ ।<br>• कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल अध्यादेशको दफा 29 अन्तर्गत, CIC ले कन्स्ट्रक्सन इन्डस्ट्रीका लागि प्रशिक्षण कोर्स तथा ट्रेड टेस्टिङ सेवाहरू उपलब्ध गराउन "कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेनिङ बोर्ड" को स्थापना गरेको थियो । |

| विद्यमान उपायहरू | नीति |
| --- | --- |

- CIC ले आफ्नो समान अवसर नीतिलाई सबै कर्मचारीहरूले CIC का अन्य कुनै पनि कर्मचारी, विद्यार्थी, आगन्तुक वा CIC सेवाका कुनै पनि प्रयोगकर्ताहरूलाई भेदभाव, दुर्व्यवहार वा अपमान गर्ने छैनन् भनेर सुनिश्चित गर्नका लागि तयार गरेको थियो । समान अवसर नीतिलाई CIC द्वारा समर्थन प्रदान गरिएको थियो र CIC का सबै कर्मचारीहरूका लागि जारी गरिएको थियो ।

कर्मचारी प्रशिक्षण

- आफ्नो समान अवसर नीतिलाई अनुसरण गर्नका लागि CIC ले अग्रपंक्ति (फ्रन्टलाइन) कर्मचारी तथा प्रबन्धकीय (म्यानेजरिअल) कर्मचारीहरू दुवैका लागि समान अवसरहरूमा नियमित प्रशिक्षण कोर्सहरूको व्यवस्था मिलाउँछ । समान अवसर आयोग (EOC) का प्रतिनिधिहरूले व्यावसायिक प्रशिक्षणसँग सम्बन्धित क्षेत्रहरूमा केन्द्रित हुनेगरी CIC का कर्मचारीहरूसँग जातीय भेदभाव अध्यादेश साझा गर्ने गर्छन् ।

विविध जातिका मानिसहरूका लागि प्रशिक्षण तथा ट्रेड टेस्ट सेवाहरू

- CIC ले अहिले विशिष्ट क्राफ्ट सीपहरूका साथ कन्स्ट्रक्सन इन्डस्ट्रीमा करिअर अगाडि बढाउन चाहने प्रशिक्षार्थीहरूलाई सुसज्जित गराउनका लागि अंग्रेजी भाषामा 3 वटा पूर्णकालीन छोटा कोर्सहरू प्रदान गर्छ । विद्यार्थीहरूले प्रशिक्षणको अवधिभरिमा दैनिक भत्ताहरू प्राप्त गर्नेछन् । सेवाहरूलाई थप वृद्धि गर्नका लागि CIC ले प्रशिक्षण कोर्सहरू उपलब्ध गराउनमा मद्दत गर्न थप अनुवादकहरू नियुक्त गर्नेछ ।
- CIC ले अहिले गैर-चिनियाँभाषी सेवारत कन्ट्रक्सन कर्मीहरूमा सुरक्षा सचेतनालाई बढाउनका लागि अंग्रेजी भाषामा 15 वटा अल्पकालीन सुरक्षासम्बन्धी कोर्सहरू प्रदान गर्छ ।
- CIC ले सम्बन्धित ट्रेडहरूका लागि दर्तावाल जनरल वर्कर (सामान्य कामदार) हरूलाई दर्तावाल सेमि-स्किल्ड वर्कर (अर्ध-कुशल कामदार) हरू बनाउनका लागि प्रशिक्षण

दिन सन् 2015 मा "जातीय अल्पसंख्यकहरूका लागि दक्षता अभिवृद्धि कोर्सहरू" अन्तर्गत 5 वटा अल्पकालीन कोर्सहरू सुरु गरेको थियो ।

- मेशिनहरू तथा क्रेन सञ्चालनका लागि अधिकांश ट्रेड टेस्ट तथा प्रमाणपत्रका टेस्टहरूका लागि अंग्रेजी भाषामा प्रश्नपत्रहरू उपलब्ध हुन्छन् । CIC ले परीक्षाको समयमा परीक्षार्थीहरूलाई अनुवादकहरू (CIC द्वारा व्यवस्था गरिएका) लाई साथमा ल्याउन अनुमति पनि प्रदान गर्छ ।

प्रवर्द्धनात्मक क्रियाकलापहरू

- CIC ले आयोजना गरिएका प्रशिक्षण कोर्स तथा ट्रेड टेस्टहरूमा सहभागी हुन विविध जातिका मानिसहरूलाई आकर्षित गर्नका लागि देहायका प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्छ:
  - विविध जातिका सेवारत कर्मीहरूसँग नियमित रूपमा भेटघाट;
  - विविध जातिका मानिसहरूलाई सेवा दिने संघसंस्थाहरू र उनीहरूले नियमित रूपमा सम्पर्क गर्ने सञ्चार च्यानलहरूमार्फत विविध जातिका मानिसहरूका लागि पहुँच क्रियाकलापहरू; र
  - कन्स्ट्रक्सन इन्डस्ट्रीबारे विविध जातिका मानिसहरूको बुझाइलाई बढाउनका लागि करिअरसम्बन्धी कुराकानी, कार्निभल तथा रोजगारी मिलान गराउने मेलाहरू एवं पारिवारिक रमाइला दिनहरू जस्ता विविध जातिका मानिसहरूका लागि अनुभव कार्यक्रमहरू ।
- CIC ले लिबरल स्टडिजका लागि अंग्रेजी भाषामा शिक्षण सामग्रीहरूलाई विकास गरेको थियो । आफ्ना विद्यार्थीहरूलाई कन्स्ट्रक्सन इन्डस्ट्रीबारे अझ विस्तृत बुझाइ प्राप्त गर्न दिनका लागि CIC ले सम्बन्धित सेकेन्डरी स्कुलहरू र विविध जातिका मानिसहरूलाई सेवा दिने गैर-सरकारी संघसंस्थाहरूसँग सहकार्य गर्छ ।

जातीय अल्पसंख्यक सेवा टोली

- विविध जातिका कर्मीहरूको बढ्दो संख्यालाई ध्यानमा राख्दै CIC ले विविध जातिका मानिसहरूका लागि आफ्ना सेवाहरू तथा सहायता बढाउन देहाय लगायत जातीय

| | |
|---|---|
| | अल्पसंख्यक सेवा टोलीको निर्माण गरेको थियो:<br>➢ CIC सेवाहरू प्रवर्द्धन गर्नका लागि नियमित रूपमा सम्बन्धित संघसंस्था तथा समुदायहरूलाई भेटघाट गर्ने;<br>➢ ट्रेड टेस्टिङ नमुना प्रश्नपत्रलाई विविध जातिका मानिसहरूद्वारा प्रयोग गरिने भाषाहरूमा अनुवाद गर्ने;<br>➢ परीक्षार्थी तथा विद्यार्थीहरूलाई दोभाषे तथा अनुवाद सेवाहरू उपलब्ध गराउने; र<br>➢ CIC सेवाहरूलाई प्रवर्द्धन गर्नका लागि क्रियाकलापहरूको आयोजना गर्ने तथा सहभागी हुने । |
| भविष्यको कार्यको मूल्याङ्कन | • CIC ले प्रत्येक वर्ष आफ्नो समान अवसर नीतिको समीक्षा गर्छ ।<br>• CIC ले आफ्ना कर्मचारी तथा विद्यार्थीहरूलाई जातीय समानताका बारेमा उनीहरूको सचेतना तथा संवेदनशीलता बढाउनका लागि सबैभन्दा पछिल्लो अद्यावधिक जानकारी उपलब्ध गराउन जारी राख्नेछ ।<br>• CIC ले माथिका कोर्सहरूको माग तथा प्रभावकारिताको समीक्षा गरिरहनेछ ।<br>• CIC ले कन्स्ट्रक्सन प्रशिक्षण तथा ट्रेड टेस्टको सम्बन्धमा हालका उपाय तथा सहायता सेवाहरूमा विविध जातिका समूहहरूबाट राय खोज्न जारी राख्नेछ र उनीहरूको आवश्यकहरू अनुरूप कोर्स तथा सेवाहरूको विकास गर्नेछ । |
| चालिएका/ चालिने थप उपायहरू | <u>कोर्स तथा ट्रेड टेस्टहरूको व्यवस्था</u><br>• यदि भविष्यमा माग बढेको खण्डमा CIC ले अंग्रेजी भाषामा अन्य उपयुक्त कोर्स तथा ट्रेड टेस्टहरू प्रदान गर्ने बारेमा सोचविचार गर्नेछ ।<br><u>विविध जातिका मानिसहरूद्वारा प्रयोग गरिने भाषाहरूमा ट्रेड टेस्टिङको प्रश्नपत्र</u><br>• विविध जातिका मानिसहरूका बीचमा सबैभन्दा लोकप्रिय ट्रेडहरूका लागि तीनवटा भाषाहरू (अर्थात्, नेपाली, हिन्दी तथा उर्दु) मा ट्रेडका प्रश्नपत्रहरू उपलब्ध गराउन पाइलट स्किम आरम्भ गर्ने । CIC ले अन्य प्रश्नपत्रहरूलाई |

उल्लेखित तीनवटा भाषाहरूमा अनुवाद गर्ने बारेमा सोचविचार गर्नेछ ।

<u>निर्माणमा उप-समितिको जातीय अल्पसंख्यक</u>

- विविध जातिका मानिसहरूमा कन्स्ट्रक्सन इन्डस्ट्रीलाई प्रवर्द्धन गर्न र निरन्तर रूपमा CIC सेवाहरूलाई बढाउनका लागि CIC ले एउटा कन्स्ट्रक्सनमा जातीय अल्पसंख्यकहरूको उप-समिति बनाएको छ।

जातीय समानताको प्रवर्द्धनमा विद्यमान तथा योजना गरिएका उपायहरूसम्बन्धी सोधपुछहरूका लागि कृपया कार्यालय प्रभारीलाई सम्पर्क गर्नुहोस्:

| | | |
|---|---|---|
| टेलिफोन नम्बर | : | (852) 2100 9000 |
| सम्पर्क: | | जातिय अल्पसंख्यक सेवा टोली |
| फ्याक्स नम्बर: | : | (852) 2100 9249 |
| इमेल | : | emservice@cic.hk |
| हुलाक ठेगाना | : | 38/F, COS Centre, 56 Tsun Yip Street, Kwun Tong, Kowloon, Hong Kong. |

**कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल**
**जून 2021**